का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ फागुन २०८२
शुक्रबार
13 February 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २४, अंक २२। पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# लालपुर्जाको राजनीति

भूमिहीन र सुकुम्बासी समुदाय संगठित मतदाता समूह हुन् । चुनाव नजिकिँदा लालपुर्जा वितरण गर्ने एजेन्डा सबैले अगाडि सार्छन् । यो चक्र अन्तहीन विषय अगाडि बढिरहेको छ । राणा शासनविरुद्ध आन्दोलनमा भूमिहीनको पीडा थियो । पञ्चायतविरुद्ध असमानताको मुद्दा यसैमा मिसियो । राजतन्त्रविरुद्ध सामाजिक न्यायको नारा भूमिलाई देखाएर लगाइए- जमिन कसको ? जोत्ने को ? गणतन्त्र आएको पनि दुई दशक भयो । तर भूमिको प्रश्न यथावत् छ ।

■ **जीवन शर्मा र दिवाकर अधिकारी**/*मध्यान्ह*

भूमिहीन भोट बैंक
**सदाबहार चुनावी एजेन्डा**

**३६ वर्षमा बने २१ संयन्त्र, समस्या ज्युँका त्युँ**




- २०४७ द्रोणप्रसाद आचार्य
- २०४७ अच्यूतराज रेग्मी
- २०४८ बलबहादुर राई
- २०४९ शैलजा आचार्य
- २०५१ ऋषिराज लुम्साली
- २०५२ बुद्धिमान तामाङ
- २०५३ बुद्धिमान तामाङ
- २०५४ चन्दा शाह
- २०५४ बुद्धिमान तामाङ
- २०५५ तारिणीदत्त चटौत
- २०५६ गंगाधर लम्साल
- २०५७ सिद्धराज ओझा
- २०५८ अफताब आलम
- २०६४ कैलाश महतो
- २०६६ गोपालमणि गौतम
- २०६८ भक्तिप्रसाद लामिछाने
- २०७१ शारदाप्रसाद सुवेदी
- २०७३ विक्रम पाण्डे
- २०७६ देवीप्रसाद ज्ञवाली
- २०७८ केशव निरौला
- २०८१ हरिप्रसाद रिजाल

भूमि समस्या समाधानसम्बन्धी संयन्त्रका नेतृत्वकर्ताहरू

**वैदेशिक रोजगार विशेष**

## साउदीमा करिब ६० हजार नेपाली अवैधानिक, ७४८ जना जेलमा

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, साउदी अरेबिया, २९ माघ

वैदेशिक रोजगारीका लागि साउदी अरेबिया आएका ७ सय ४८ जना नेपाली विभिन्न अभियोगमा जेलमा छन् । साउदीस्थित नेपाली दूतावासका अनुसार जेलमा रहेका अधिकांश नेपालीमाथि श्रमिक मदिरासम्बन्धी स्थानीय कानुन उल्लंघन गरेको अभियोग छ ।

नेपाली दूतावासले उपलब्ध गराएको विवरणअनुसार ३ सय ४५ जना नेपाली मदिरा उत्पादन, सेवन तथा ओसारपसारसम्बन्धी अभियोगमा थुनामा छन् । यस्तै ४३ जना लागुऔषध ओसार पसार, १२ जना चोरी, १६ जना वेश्यावृत्ति, १५ जना तोडफोड, ४ जना घुसखोरी, ७ जना हत्या तथा अन्य विभिन्न अभियोगमा २ सय ९८ जना नेपाली जेलमा रहेका छन् ।

हाल जेलमा रहेका नेपालीमध्ये ३ सय ४१ जनाले अदालतबाट सजाय पाइसकेका छन् भने ४ सय ७ जनाको मुद्दा अझै विचाराधीन रहेको दूतावासले जनाएको छ । यस्तै ७ जना नेपालीको स्वास्थ्य अत्यन्तै जोखिमयुक्त भएकाले कोमाको अवस्थामा उपचाररत छन् भने ८ जना नेपालीको शव स्वदेश पठाउने प्रक्रिया अघि बढाइएको »» पृष्ठ २ मा

### भिजिट भिसा प्रकरण : सुवेदीलाई धरौटीमा छाड्न आदेश

**काठमाडौं/मस–** विशेष अदालतले भिजिट भिसा प्रकरणमा बिचौलिया खेमप्रसाद सुवेदीलाई २ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । उनीमाथि करिब २ करोड रुपैयाँ बिगो कायम गरी सजायको माग दाबीसहित मुद्दा दायर गरिएको थियो ।

उनीमाथि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेटिङ गरी घरेलु काममा वैदेशिक रोजगारमा जाने महिलालाई सेटिङको आधारमा भिजिट भिसामा पठाएको गम्भीर आरोप थियो । तत्कालीन प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यस विषयमा तत्कालीन गृहमन्त्री रमेश लेखकलाई जोडेर राजीनामा माग गर्दै लामो समय संसद् बहिष्कारसमेत गरेको थियो । विशेष अदालतका न्यायाधीशत्रय »» पृष्ठ २ मा

## सातै प्रदेशको कार्यसम्पादन कमजोर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ माघ

आगामी आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट तल्लो सरकारलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारहरूको कार्यसम्पादन मूल्यांकन गरेको छ । आयोगले गरेको कार्यसम्पादन मूल्यांकनअनुसार सबैजसो प्रदेश र स्थानीय तहको नतिजा कमजोर देखिएको छ ।

लेखापरीक्षणबाट औंल्याइएको बेरुजुको अवस्था, प्रदेशले स्थानीय तहलाई प्रदेश काननुबमोजिम तोकेको आधारमा अनुदान प्रदान गरे/नगरेकोलगायत सूचक राखिएको थियो । वित्त आयोगले आयोगले ११ वटा सूचकांकमा गरेको कार्यसम्पादन मूल्यांकनमा सातवटै प्रदेश कमजोर देखिएको आयोगले जनाएको छ । बिहीबार सार्वजनिक गरेको प्रदेश र स्थानीय तहको कार्यसम्पादन सूचक मूल्यांकनअनुसार कुनै पनि प्रदेशले ५० प्रतिशत अंक कटाउन सकेका छैनन् ।

आयोगको नतिजाअनुसार पहिलो नम्बरमा सुदूरपश्चिम प्रदेश रहेको छ । सुदूरपश्चिमले ४५ दशमलव ७० अंक पाएको छ । दोस्रो स्थानमा कोशी छ । कोशीले ४४ दशमलव २९ अंक पाएको छ । तेस्रो स्थानमा रहेको बागमतीले ४२ दशमलव ४६ अंक पाएको छ भने चौथो स्थानमा रहेको गण्डकीले ३७ दशमलव ९१ अंक पाएको छ । सबैभन्दा कमजोर मधेश प्रदेश छ । मधेशले २७ दशमलव २८ अंक पाएको छ । आयोगले प्रदेशका हकमा कुल ११ सूचक आधार मानेर अंक दिने गर्छ । पहिलो सूचकमा आव २०८०/८१ को कुल लेखापरीक्षणबाट देखिएको बेरुजु अवस्था लिइएको छ । दोस्रो सूचक प्रदेशले स्थानीय तहलाई कानुनअनुसार ससर्त अनुदान दिए/नदिएको आधार मानिएको छ । तेस्रो सूचक २०८१/८२ मा सवारीसाधन करबापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेशले मासिक स्थानीय सञ्चित कोषमा दिए/नदिएकोलाई मानिएको छ । चौथो सूचकमा सोही आवमा विनियोजन गरिएको बजेट खर्चको अवस्था लिइएको छ । पाँचौंमा सोही आवमा राजस्व परिचालन अवस्था लिइएको छ ।

यसबाहेक स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान विवरण चैतसम्म दिए/नदिएको, आगामी आवको आयव्ययको प्रक्षेपित विवरण पुस मसान्तसम्म अर्थ मन्त्रालयमा दिए/नदिएको, गत आवको बजेटको वार्षिक समीक्षा गरे/नगरेको, स्थानीय तहमा वायुको गुणस्तर, वन क्षेत्रले ढाकेको क्षेत्रफल वृद्धि प्रतिशत र अनलाइन पोर्टलमा सूचक समयमै राखे/नराखेको विषयलाई समेत मूल्यांकनको सूचक मान्ने गरिन्छ । आयोगका अनुसार यो अंकमा चित्त नबुझे आयोगमा आधार र प्रमाणसहित पुनरावलोकनका लागि निवेदन दिन सकिन्छ । प्रदेश तथा स्थानीय सरकारको वित्तीय समानीकरण अनुदान सिफारिस गर्न निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्यांकन प्रतिवेदनअनुसार वित्त आयोगले अनुदान दिने गर्छ ।



कभर स्टोरी

# लालपुर्जाको राजनीति सदाबहार चुनावी एजेन्डा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २९ माघ

२०७९ सालको गत स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगर पालिकाका स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह (बालेन)ले सुकुम्बासी बस्ती व्यवस्थित गर्ने योजनासहित बागमती किनारमा भोट मागेका थिए । शाहले मेयर जितेपछि डोजर चलाएर सुकुम्बासी बस्ती उठाउने प्रयत्न गरे । यही विषयलाई अहिले ठुला भनिएका राजनीतिक दलहरूले चुनावी एजेन्डा बनाएका छन् ।

नेपाली राजनीतिमा सुकुम्बासीलाई लालपुर्जा वितरण गर्ने र बस्ती व्यवस्थित गर्ने पुरानै नारा हो । जब निर्वाचन आउँछ तब राजनीतिक दल र तिनका नेता चुनाव जित्नेबित्तिकै सुकुम्बासीलाई लालपुर्जा बाँड्ने 'वाचा'सहित मैदानमा देखिन्छन् । तर व्यवहार त्यसअनुसार देखिएको छैन ।

२०१५ सालको आमनिर्वाचनदेखि नै राजनीतिक दलहरूले यसलाई आफ्नो चुनावी एजेन्डा बनाउँदै आएका छन् । अहिले झापा-५ मा यो नारा गुन्जिएको छ । प्रतिनिधि सभाको उमेद्वार रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बालेनलाई लक्षित गर्दै सुकुम्बासी बस्तीमा काठमाडौंमा जस्तै डोजर चल्ने अभिव्यक्ति दिए । आफूबाहेकले चुनाव जिते झापा-५ का सुकुम्बासी बस्तीमा समेत डोजर चल्ने भनेर ओलीको अभिव्यक्तिपश्चात् झापा-५ का सुकुम्बासी झस्किएका छन् ।

### सुकुम्बासीप्रति उम्मेदवारको नीति के हो ?

झापा ५ का मतदाताहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेतासमेत रहेका उम्मेदवार बालेनतर्फ प्रश्न गरिरहेका छन् । बालेनसँगको भेटमा स्थानीयले बालेनलाई सोधेका छन्, 'सुकुम्बासीप्रति तपाईंको नीति के हो ?' प्रतिउत्तरमा बालेनले झापा र काठमाडौंका सुकुम्बासी बस्तीको समस्या फरक विषय र अवस्था भएको जवाफ फर्काएका थिए । ओली र बालेनबीच यो विषयमा बागमती किनारमा डोजर चलाउँदा नै विवाद थियो । चुनावी अभियानमा रहेका उम्मेदवारलाई सुकुम्बासीले राखेको संशयपूर्ण जिज्ञासाले सुकुम्बासी समस्या बहस एकपटक फेरि सतहमा आएको छ। सुकुम्बासी बस्तीमा डोजर लगाउने मान्छे आएको भन्दै एमालेले प्रचार गरिरहेको छ ।

२०६७ मा बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा बागमती किनारका बस्ती हटाइएको थियो । त्यसको चर्को विरोध भयो। काठमाडौंका विभिन्न नदी किनारमा बस्दै आएका सुकुम्बासी परिवारलाई स्थानान्तरण गर्न नागार्जुनमा सुविधासम्पन्न आवास भवन बनाउने तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले २०६९ मा गरेको निर्णयअनुसार सहरी विकास तथा भवन निर्माण विभागले २०७१ मा २ सय ३३ परिवार बस्न मिल्नेगरी अपार्टमेन्ट बनाएको छ। अपार्टमेन्ट बनाउँदा १२ करोडभन्दा बढी खर्च भए पनि सुकुम्बासीले त्यहाँ बस्न नमानेको सहरी विकास मन्त्रालयले बताउँदै आएको छ। अहिले यो अपार्टमेन्ट प्रयोगमा नआएको मन्त्रालयले जनाएको छ ।

भोट बैंकका रूपमा प्रयोग हुँदै आएको सुकुम्बासी समस्याको 'पसल' बन्द गरिएको छैन । २०७० को चुनावमा रुपन्देही-२ मा विष्णु पौडेलसँग चुनाव लड्न गएका भट्टराईलाई सुकुम्बासी विरोधी नेताका रूपमा प्रचार गरेपछि उनले चुनाव हारे । सुकुम्बासी बस्तीबाटै उठेर नेता बनेका विष्णु पौडेलले डा. भट्टराईलाई पराजित गरे । चुनावको समयमा देशभर सुकुम्बासी समस्या एजेन्डा बन्ने गरेको छ । तर सुकुम्बासी समस्या समाधान हुने बाटोतर्फ लाग्नुको सट्टा नेताहरूले नै यो मुद्दालाई चुनावकेन्द्रित एजेन्डा बनाएर गिजोलिरहेका छन्। यो समस्या समाधान नहुनुमा राजनीतिक नेतृत्वको भूमिका सबैभन्दा धेरै जिम्मेवार छ । चुनावमा भोट बैंकका रूपमा सुकुम्बासीलाई प्रयोग गर्ने परम्परा सबै जसो राजनीतिक दलमा छ । सत्तामा हुँदा समाधानको प्रयास नगर्ने विपक्षमा हुँदा चर्को स्वर गर्ने राजनीतिक दलका नेताहरूका कारण यो समस्या झन बल्झेको हो ।

भूमिहीन किसानहरूको बसोबासको व्यवस्था २०१५ मा पनि महत्वपूर्ण पक्ष रहेको थियो । भूमिको अधिकतम सीमा निर्धारण गरिरहेको भूभाग भूमिहीन किसानहरूको बसोबासको व्यवस्था मिलाउने नेपाली कांग्रेसले घोषणामा उल्लेख गरेको थियो । त्यसबेला कांग्रेसले जंगलहरूको संरक्षण, ठुलाठुला विर्ता राष्ट्रियकरण, रजौटा प्रथाको उन्मूलन, जमिनदारी प्रथाको उन्मूलन, भूमि प्रयोगको सीमा निर्धारण, सहकारी खेतीलाई सरकारी प्रोत्साहन, कृषि बैंकको कल्पना, असल बिउ र मलको वितरण, सिँचाइ व्यवस्थालाई प्राथमिकतामा राखेको थियो । गाउँतिर जाऊ, गाउँलाई हेर जस्ता नारा कांग्रेसका थिए । गाउँमा काम नपाएका नागरिकलाई भू सेना बनाउने अर्थात् यस्ता सेनालाई कुलो नहर र कृषि कर्ममा लगाउने योजना थियो ।

यद्यपि यो समस्या समाधान गर्न २०४८ सालमा राष्ट्रिय भूमि आयोग गठन भयो । अहिलेसम्म यो आयोगमा १९ जना अध्यक्षले नेतृत्व गरिसकेका छन् भने तीन दशकको अवधिमा आयोगमा सयौं व्यक्तिहरूले राजनीतिक नियुक्ति खाइसकेका छन् । तर सुकुम्बासी समस्याको जड भनेकै वास्तविक सुकुम्बासीको पहिचान हुन नसक्नु भएको सुकुम्बासी आयोगका पूर्वअध्यक्षसमेत रहेका राप्रपाका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङ बताउँछन् ।

'सुकुम्बासीको पहिचान हुन नसक्नु नै मुख्य समस्या हो,' उनले भने, 'मेरो दुईवटा कार्यकाल वास्तविक सुकुम्बासीको पहिचानमै बित्यो, धेरै समय पनि भएन र जग्गा बाँडिन् । तेस्रोपटक पहिचान भएका वास्तविक सुकुम्बासीलाई करिब १ हजार बिघा जग्गा वितरण गरिएको छ ।'

२०१३ सालमा पहिलोपटक नेपाल सरकारले नवलपरासीको राप्ती दुन क्षेत्रमा सुकुम्बासीलाई जग्गा वितरण गरेको पाइन्छ । भूमिहीन र सुकुम्बासीलाई उचित बसोबास दिलाउने भनेर त्यसबेला इजरायली सरकारको सहयोगमा पुनर्वास कम्पनी बनाइएको थियो । सो कम्पनीले तराई र भित्री मधेशका जिल्लामा भूमिहीनलाई जग्गा बाँड्न सुरु गऱ्यो । पुनर्वास कम्पनी असफल भएपछि पञ्चायतकालमा सरकारले तराई, भित्री मधेशमा सुकुम्बासी समस्या समाधान गर्न भनेर क्षेत्रीय बसोबास समिति, अञ्चल बसोबास समिति र वन क्षेत्र सुदृढीकरण आयोगका नाममा काम सुरु गऱ्यो । पञ्चायतकालमा बनेका यी निकायले सुकुम्बासीका नाममा देशभरका विभिन्न स्थानमा जग्गा बाँडे । तर अप्रत्यक्ष र घुमाउरो पारामा वास्तविक सुकुम्बासीको हातबाट सो जग्गा गैरसुकुम्बासीको हातमा गयो । त्यसयता भूमिहीन र सुकुम्बासीका विषयमा सरकारले निरन्तर आयोग बनाएर काम गर्दै आए पनि समस्या समाधान भने भएको छैन। प्रत्येक निर्वाचनमा राजनीतिक दलले यो विषयलाई आफ्नो घोषणापत्रमा समट्ने गरेका छन् । हरेक सरकारले पनि आफ्नो नीति कार्यक्रम भूमिहीन र सुकुम्बासी समस्या समाधानको योजना ल्याएकै हुन्छन्। यद्यपि सरकारले ल्याएका भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने विषय कार्यान्वयनमा भने आउन सकेको छैन ।

सुकुम्बासी आयोगले साँच्चै नै काम गर्ने हो भने केन्द्रले समन्वय गरेर केही समय दिएर जिल्ला तहलाई पूर्णअधिकार दिनुपर्ने आयोगका पूर्वअध्यक्ष तामाङले सुझाव दिए । 'जिल्ला तहमा आयोगको अध्यक्षतामा प्रमख जिल्ला अधिकारी, मालपोत, नापी, वन कार्यालयका प्रतिनिधिसमेत रहने गरी समिति हुन्छ,' उनले भने, 'तर कतिपय बैठकमा अध्यक्षले कोरम पुऱ्याउन सक्दैनन् । कतिपय अवस्थामा प्रमुख जिल्ला अधिकारीको असहमति हुने कारणले सुकुम्बासीको पहिचान र समस्या समाधानका लागि निर्णय नै गर्न सक्दैनन् ।'

कतिपय अवस्थामा नियुक्ति भएर आउनासाथ पदाधिकारीले लालपुर्जा बाँड्ने तयारी गर्दा नक्कली सुकुम्बासीले जमिन पाउने समस्यासमेत रहने गरेको उनको अनुभव छ । अहिले राजनीतिक दलहरूले सुकुम्बासी समस्या चुनावी नारा मात्रै बनाउन नहुने उनको तर्क छ । 'यस समस्या समाधानका लागि अहिले धेरै फराकिलो नियम बनाएको छ,' तामाङले मध्यान्हसँग भने, 'अहिले सरकारी जमिनमा घर बनाएर बसेको छ भने पनि पैसा लिएर दिने गरिएको छ । पहिला त्यस्तो थिएन उनीहरूलाई हटाउने र वास्तविक सुकुम्बासीलाई जग्गा दिइने गरिन्थ्यो ।'


राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पाँच वर्षका लागि रास्वपाको सरकार बने सुकुम्बासी समस्या सदाका लागि समाधान गर्ने दाबी गरेका छन् । शनिबार चितवन-२ मा सुकुम्बासीसँगको भेटघाटमा उनीहरूले उठाएका समस्याबारे प्रतिक्रिया दिँदै लामिछानेले वास्तविक सुकुम्बासी समस्या कानुनी रूपमा समाधान हुनुपर्ने बताएका हुन् । 'भोट बैंकका रूपमा प्रयोग हुँदै आएको सुकुम्बासी समस्याको 'पसल' बन्द गर्ने समय आएको छ,' उनले भने, 'सुकुम्बासी समस्या भोट बैंक होइन, यो समाधान गर्नुपर्ने विषय हो, हामी गर्छौं ।' उनले सुकुम्बासी समस्या समाधान गर्दा पार्टी वा व्यक्तिका आधारमा विभेद नहुने बताए पनि यो समस्या समाधानका लागि गहिरो समस्याका रूपमा वास्तविक सुकुम्बासी पहिचान हुन नसक्नु नै भएको विज्ञले बताएका छन् ।

### के छन् कानुनी व्यवस्था ?

नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेगरी व्यवस्था गरेको छ । मौलिक हकको यो व्यवस्थालाई कार्यान्वयनमा ल्याउन आवासको अधिकारसम्बन्धी ऐन, २०७५ जारी गरेको छ । आवासविहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था गरेको हो । कसैलाई पनि आवासको सुविधाबाट वञ्चित नगर्नु नै संविधान तथा प्रचलित कानुनको मूल मर्म मानिए पनि आवासविहीनका समस्या ज्युका त्यूँ छन्। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनका आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी आवास सुविधा उपलब्ध गराउने संवैधानिक व्यवस्था रहेको वरिष्ठ अधिवक्ता सीताराम केसी बताउँछन्। 'नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेगरी व्यवस्था गरेको छ,' उनले भने, 'नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको आवासविहीन व्यक्ति वा परिवारलाई राज्यले आवास सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को दफा ७ मा उल्लेख छ ।'

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन २०७६ साल माघ २८ गते भएको पाइन्छ । आठौं संशोधन, २०७६ को दफा ५२ ख मा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन आवश्यक कानुनी व्यवस्था गरेको छ । नेपालभित्र आफ्नो वा परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ सुकुम्बासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आवाद, कमोद गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयक्त ठहऱ्याएको कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रमा नबढ्नेगरी जग्गा उपलब्ध गराउन सक्ने व्यवस्था छ ।

तर धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा, प्राकृतिक प्रकोप, विपत् व्यवस्थापन तथा वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा, सार्वजनिक नदी, खोला, नहर किनाराको जग्गा, राष्ट्रिय निकुञ्ज, वन क्षेत्र, सडक सीमाभित्रको जग्गा, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगका लागि आवश्यक रहेको जग्गा तथा अन्य तोकिएको स्थानको जग्गा सरकारले सुकुम्बासीका लागि उपलब्ध गराइनेछैन । नेपालको संविधानको अनुसूची ९ मा सुकुम्बासी व्यवस्थापन तीनै तहको साझा अधिकारको सूचीभित्र पर्ने विषय भएकाले सुकुम्बासी समस्यालाई कहिल्यै निको नहुने घाउझैं बल्झाइराखिएको छ ।




# भुमरीमा भूमिहीन
# ३६ वर्षमा बने २१ संयन्त्र समस्या ज्युँका त्युँ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ माघ

२३ असोज २०८२ मा मन्त्रिपरिषद्को निर्णय सुनाउँदै तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले भने, 'राष्ट्रिय भूमि आयोग खारेज गर्ने निर्णय भएको छ। यो सँगै सबै जिल्ला समिति पनि खारेज हुनेछन् ।'

राजनीतिक दलहरूको प्रवृति र नेताहरूको संस्कारमाथि प्रश्न उठाउँदै भएको जेनजी आन्दोलनपछि चुनाव गराउनेगरी बनेको अन्तरिम सरकार भूमि आयोगजस्तो संवेदनशील आयोग खारेज गर्ने निर्णयमा पुगेको भनेर आलोचना भयो। मन्त्रिपरिषद्का सदस्यहरूले तर्क गरे- अघिल्लो सरकारले दलका कार्यकर्ता आयोगमा भर्ती गरेकाले सही समाधान दिन नसक्ने सरकारको निष्कर्ष छ ।

जबकि यस्तै तर्क गरेर विगतका सरकारले पनि अघिल्लो सरकारले बनाएका आयोग खारेज गर्ने र नयाँ आयोग बनाउने गर्दै आएका थिए । कतिपयलाई सर्वोच्चले रोक लगाएको छ भने कतिपयले काम गरेका छन्, जग्गा बाँडेका छन् ।

पछिल्लो निर्णय भने सर्वोच्च अदालतको आदेशका कारण कार्यान्वयन हुन पाएन । त्यसपछि पूर्ववर्ती सरकारले बनाएको हरिप्रसाद रिजाल नेतृत्वको आयोग यथावत् छ । रिजाल पनि केपी शर्मा ओली नेतृत्वको सरकार बनेपछि अध्यक्षमा नियुक्त भएका हुन् ।

रिजाल अगाडि आयोगको अध्यक्षमा केशव निरौला थिए । निरौलालाई तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले आयोगको अध्यक्ष बनाएको थियो । त्यसलाई उल्ट्याउने प्रचण्डको प्रयास सर्वोच्चकै कारण सफल हुन सकेको थिएन ।

निरौला अध्यक्ष हुँदा पनि तत्कालीन अघिल्लो सरकारले बनाएको आयोग खारेज भएको थियो । अर्थात्, नयाँ सरकार आएपछि भूमि आयोग खारेज गर्ने र नयाँ बनाउने शृंखला निरन्तर चलिरहेको छ ।

### अधिकारको अभिनय

एतिहासिक दस्ताबेजहरूमा उल्लेख भएअनुसार नेपालमा सुकुम्बासी समस्या राणाकालबाट सुरु भएको हो। राणाकालमा भूमि केवल आर्थिक स्रोत होइन, राजनीतिक शक्ति थियो । जमिनको स्वामित्व सीमित दरबार-निकट वर्ग, जमिनदार र मुखियाको हातमा केन्द्रित थियो । किसानहरू मोही, हरुवा-चरुवा वा कमैयाजस्ता संरचनामा बाँधिए । स्वामित्व अधिकारबिना श्रम गर्ने वर्ग विशाल थियो । यही असमानताले विद्रोह जन्मायो । भूमिहीन र किसानको असन्तोष राणाविरुद्धको राजनीतिक आन्दोलनसँग जोडियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो ।

प्रजातन्त्र आएपछि भूमिहीनलाई भूमि दिने विषय अगाडि आयो । त्यसका लागि नीतिको खोजी भयो र २०१४ सालमा भूमि सुधार नीति आयो। मोहियानी हक लाग्ने भनियो। तर कार्यान्वयन नहुँदै २०१७ सालमा तत्कालीन राजा महेन्द्रले कु गरेर पञ्चायती शासन सुरु गरे ।

भूमिहीन र किसानको असन्तोष कम गर्न भनेर २०२१ सालमा भूमि सुधार ऐन आयो । त्यसले जग्गाको हदबन्दी तोक्यो, मोहीलाई केही अधिकार दियो । तर कार्यान्वयन कमजोर रह्यो । कागजमा सुधार भयो, संरचनामा सीमित परिवर्तन आयो तर जमिनको पुनर्वितरण अपेक्षाकृत भएन । परिणामतः भूमि वितरणको असमानता पूर्णतः भंग भएन ।

फेरि पनि भूमिहीनको असन्तोषलाई लिएर पञ्चायतविरुद्ध आन्दोलन चलि नै रह्यो । २०४६ सालमा प्रजातन्त्र पुनर्बहाली भयो । खुला राजनीतिक वातावरणमा विभिन्न दलहरूले सुकुम्बासी संगठन गठन गरे । सहर आसपास खोला किनार, सार्वजनिक जग्गामा बस्ती बस्न थाले । अर्थात्, सुकुम्बासी समस्या राजनीतिक मुद्दा बन्न थाल्यो ।

त्यसयताका सरकारले सुकुम्बासी समस्या समाधानका लागि पटकपटक राष्ट्रिय आयोग गठन गर्ने ती आयोगमार्फत जग्गा वितरणका काम गर्दै आएका छन् ।

### आयोगै आयोग

सरकारी तथ्यांकअनुसार प्रजातन्त्र पुनर्बहालीपछि पनि भूमिको विषय निरन्तर बहसमा छ । भूमि समस्या समाधान गर्ने भनेर पछिल्लो ३६ वर्षमा २१ वटा संयन्त्र बनेका छन्। १९ वटा आयोग मात्रै बनिसके। तर समस्या ज्युँका त्यूँ छन् ।

२०४६ को राजनीतिक परिवर्तनपछि २०४७ को अन्तर्तिर द्रोणप्रसाद आचार्यको नेतृत्वमा बनेको वन संरक्षण कार्यदलले सुकुम्बासीले वनजंगल अतिक्रमण गरेको बताउँदै यो समस्या समाधन गर्न सरकारलाई सुझाव दियो । त्यसअनुसार आवास तथा भौतिक योजना मन्त्रालयका सचिवको नेतृत्वमा बनेको समितिले सुकुम्बासी समस्या समाधान आयोग बनाउनुपर्ने अर्को सुझाव दियो। त्यसपछि आयोग बन्नेक्रम सुरु भएको हो ।

१८ चैत २०४७ सालमा तत्कालीन आवास तथा भौतिक योजनामन्त्री अच्यूतराज रेग्मीको नेतृत्वमा सुकुम्बासी समस्या समाधान समिति बनाइयो । तर समितिले २०४८ को चुनाव आएकाले काम गर्न नसकिने भन्यो ।

चुनावपछि बहुमतसहित नेपाली कांग्रेस संसदमा आयो । ९ मंसिर २०४८ मा तत्कालीन भौतिक योजना तथा आवासमन्त्री बलबहादुर राईको नेतृत्वमा प्रमुख प्रतिपक्षी दल एमालेका सांसद समेत राखेर २१ जनाको आयोग बनाइयो ।

तराईका २५ जिल्ला घुमेर अध्ययन गरेपछि यो आयोगले नक्कली सुकुम्बासीको बिगबिगी रहेको भन्दै त्यस्ता सुकुम्बासीलाई कारबाही गर्न भन्यो । तर यसले केही काम गर्न सकेन । यहीबीचमा यो आयोग विघटन गरियो ।

त्यसपछि १ पुस २०४९ मा शैलजा आचार्यको नेतृत्वमा अर्को आयोग बन्यो, जसले भूमिहीन र सुकुम्बासी मात्र नभई राजनीतिक पीडित, दैवी प्रकोप पीडितलाई समेत जग्गा बाँड्ने अधिकार पाएको थियो। दुई वर्षसम्म सक्रिय रहेको आचार्य नेतृत्वको आयोगले २ लाख ६३ हजार ७ सय ३८ जना सुकुम्बासी रहेको तथ्यांक निकाल्यो। यीमध्ये ५४ हजार १ सय ७९ को छानबिन र पहिचान गरेर १० हजार २ सय ७८ लाई अस्थायी बसोबासको अनुमति दियो। तीमध्ये १२ सयले लालपुर्जा नै पाए।

२०५१ सालको मध्यावधि चुनावपछि सुकुम्बासी समस्या समाधान आयोगको नेतृत्वमा एमालेका ऋषिराम लुम्साली आए ।

आयोगले सुकुम्बासी, कमैया, बाढीपहिरो पीडित र विवरण नखुलेका ५८ हजार ३ सय ४० परिवारलाई करिब २२ हजार बिघा र साढे ९ हजार रोपनी जग्गा वितरण पनि गऱ्यो ।

लुम्साली आयोगले पहिलोपटक काठमाडौं उपत्यकामा अध्ययन गरेर २ हजार ५ सय १० सुकुम्बासी र २ हजार ७ सय २८ अव्यस्थित बसोबासी रहेको तथ्यांक निकाल्दै उनीहरूलाई ग्रामीण क्षेत्रमा सार्नुपर्ने सुझाव दियो। करिब नौ महिनासम्म सक्रिय रहेको त्यो आयोग एमालेको सरकार हटेसँगै विघटन भयो ।

त्यसपछि राजनीतिक अस्थिरता चुलिएको यो समयमा छुट्टै आयोगको सट्टा भूमि सुधार मन्त्रीले नै सुकुम्बासी समस्या समाधानका लागि नेतृत्व गर्ने तय भयो । त्यसअनुसार २० मंसिर २०५२ मा भूमिसुधार तथा व्यवस्थामन्त्री बुद्धिमान तामाङ, २०५४ जेठमा चन्दा शाह र २०५४ मा फेरि बुद्धिमान तामाङले नै सुकुम्बासी समस्या समाधान गर्ने अभियानको नेतृत्व गरे ।

यस अवधिमा ८ सय ८६ जना सुकुम्बासीलाई ३ सय ५२ बिघा जमिन वितरण गरियो । १ असार २०५५ मा फेरि केन्द्रीयस्तरबाट सुकुम्बासी समस्या समाधान नहुने भयो भन्दै तारिणीदत्त चटौतको नेतृत्वमा सुकुम्बासी समस्या समाधान आयोग बनाइयो । चटौत आयोगमा २ लाख ६१ हजार ६ सय १९ जनाले आफू सुकुम्बासी रहेको भन्दै निवेदन दिए। उनीहरूलाई ७ हजार ३६ बिघा जमिन वितरण गरियो ।

२०५५ मै गंगाधर लम्साल आयोगको नेतृत्वमा आए । २०५७ मा सिद्धराज ओझा, २०५८ मा अफताब आलम, २०६४ मा कैलाश महतो, २०६६ मा गोपालमणि गौतम, २०६८ मा भक्तिप्रसाद लामिछाने, २०७१ मा शारदाप्रसाद सुवेदी नेतृत्वमा आए ।

२०७२ सालको संविधानले भूमिहीन दलितलाई एकपटकका लागि जग्गा दिनेलगायतका संवैधानिक हक स्थापित गऱ्यो । २०७३ मा भूमि आयोगको अध्यक्षमा विक्रम पाण्डे, २०७६ मा देवीप्रसाद ज्ञवाली आए । २०७८ केशव निरौला र २०८१ मा हरिप्रसाद रिजालले नेतृत्व लिएका हुन् । फेरि पनि भूमिहीनको समस्या समाधान हुन सकेको छैन। बरु फेरि पनि यसैलाई देखाएर राजनीतिक दल भोट मागिरहेका छन्। किनभने भूमिहीन र सुकुम्बासी समुदाय संगठित मतदाता समूह हुन् । चुनाव नजिकिँदा लालपुर्जा वितरण गर्ने एजेन्डा सबैले अगाडि सार्छन् । यो चक्र अन्तहीन विषय अगाडि बढिरहेको छ । राणाविरुद्ध आन्दोलनमा भूमिहीनको पीडा थियो। पञ्चायतविरुद्ध असमानताको मुद्दा यसैमा मिसियो । राजतन्त्रविरुद्ध सामाजिक न्यायको नारा भूमिलाई देखाएर लगाइए- जमिन कसको ? जोत्ने को ? गणतन्त्र आएको पनि दुई दशक भयो । तर भूमिको प्रश्न यथावत् छ ।

### साउदीमा...

नेपाली दूतावासले बताएको छ । साउदीका लागि नेपाली कार्यवाहक राजदूत सिर्जना अधिकारीले साउदीमा नेपाली ठुलो संख्यामा जेल पर्नु चिन्ताजनक विषय भएको बताइन् । उनले मदिरा उत्पादन, सेवन तथा बिक्री वितरण गम्भीर अपराध हुने भन्दै साउदीको कानुन पालना गर्न सबै नेपाली श्रमिकलाई आग्रह गरिन् ।

दूतावासका अनुसार हालसम्म ६ हजार ५ सयभन्दा बढी नेपाली एक्जिट भिसामार्फत स्वदेश फर्किसकेका छन्। विभिन्न कारणले अलपत्र परेका २३ जना नेपाली हाल दूतावासको सेल्टरमा छन् ।

साउदी अरेबियामा करिब चार लाख नेपाली कार्यरत छन्। तीमध्ये ३ लाख २० हजारभन्दा बढी वैधानिक र बाँकी अवैध रूपमा कार्यरत रहेको बताइएको छ। पछिल्लो समय अवैध रूपमा काम गर्ने नेपालीको संख्या बढ्दै गएको दूतावासको भनाइ छ।

साउदी अरबमा नेपाली कामदारहरू भिसाको म्याद सकिएपछि पनि बस्ने, कतिपय रोजगारदाताहरूले समयमै इकामा नवीकरण नगरिदिँदा जरिमाना बढेर तिर्न नसक्ने, रोजगारदाता छोडेर भाग्ने, कम्पनी बन्द वा टाट पल्टिएको अवस्थामा तलब नपाउने जस्ता कारणले नेपाली कामदारहरूले कानुनी हैसियत गुमाउने गरेका छन्। भिसाको म्याद सकिएपछि पनि साउदीभित्रै बसेमा त्यसलाई अवैध मानेर ठुलो रकम जरिमाना, हिरासत र डिपोर्ट गर्ने गरिएको छ ।

यसैबीच दूतावासले श्रम स्वीकृति नवीकरण सेवा साउदीबाटै अनलाइनमार्फत सुरु गरिएको जनाएको छ । हालसम्म पाँच हजारभन्दा बढी नेपालीले श्रम नवीकरण गरिसकेका छन् ।

### भिजिट...

नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले सुवेदीलाई बिहीबार धरौटीमा छाड्न आदेश दिएको हो ।

अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख तीर्थराज भट्टराईसमेतको मिलेमतोमा भिजिट भिसाका नाममा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुवेदीविरुद्ध मुद्दा दायर गरेको थियो।

भट्टराई यसअघि नै पाँच लाख रुपैयाँ धरौटीमा छुटिसकेका छन्। सुवेदीमाथि भट्टराईले घुसबापत जम्मा गरेको रकम लुकाउन र वैध बनाउन भूमिका खेलेको भन्दै सम्पत्ति शुद्धीकरणमासमेत मुद्दा चलेको छ ।

# १ करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ

## सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि जारी



**काठमाडौं/मस–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। बिहीबारसम्म एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुंगा, सुनसरी, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोक गरी ५८ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। बुधबारसम्म ५३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो।

बिहीबार थप पाँच जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उनले बताए। हालसम्म १४ हजार ३ सय ४१ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २ सय नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ्ग तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ। प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

छपाइ भएको मतपत्र आजैदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ। आयोगले बिहीबार कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेतका निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए।

### सवारीसाधन अनुमतिसम्बन्धी कार्यविधि जारी

आयोगले आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सवारीसाधन प्रयोगलाई कानुनी दायराभित्र राख्न 'सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२' लागू गरेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन प्रचारप्रसार तथा मतदानको दिन सवारी सञ्चालनलाई मर्यादित, व्यवस्थापनयोग्य र नियन्त्रित बनाउन उक्त कार्यविधि जारी गरिएको हो। आयोगले निर्वाचन आयोग ऐन, २०७३ ले प्रदान गरेको अधिकार प्रयोग गरी सो व्यवस्था कार्यान्वयनमा ल्याएको जनाएको छ।

नयाँ प्रावधानले राजनीतिक दल, उम्मेदवार र उनीहरूका प्रतिनिधिले प्रचार अवधिमा तथा मतदानको दिन प्रयोग गर्ने सवारीसाधनको संख्या र प्रक्रियालाई स्पष्ट सीमाभित्र राखेको छ। कार्यविधिअनुसार प्रतिनिधि सभा सदस्यका उम्मेदवारले अधिकतम दुईवटा दुई पांग्रे, तीन पांग्रे वा हलुका चार पांग्रे सवारी मात्र प्रयोग गर्न पाउनेछन्। जहाँ मोटर चल्ने सवारी सञ्चालन सम्भव छैन, त्यस्ता क्षेत्रमा एक उम्मेदवारले बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

सवारी प्रयोग गर्नुअघि सम्बन्धित निर्वाचन अधिकृतबाट अनिवार्य स्वीकृति लिनुपर्ने प्रावधान राखिएको छ। तोकिएको ढाँचामा निवेदन पेश गरी अनुमति प्राप्त नगरी निर्वाचन प्रयोजनका लागि सवारी सञ्चालन गर्न पाइने छैन। मौन अवधि सुरु भएपछि सवारी सञ्चालनमा पूर्ण रोक लगाइनेछ। मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि मतदान प्रक्रिया सम्पन्न नहुँदासम्म प्रचारका लागि प्रयोग हुने सवारी सञ्चालन निषेध गरिएको छ। मतदानको दिन आयोगबाट स्वीकृत सवारीबाहेक अन्य सवारी सञ्चालन गर्न नपाइने व्यवस्था गरिएको छ, यद्यपि हवाई उडान यस प्रतिबन्धबाट मुक्त रहनेछ।

प्रचारका क्रममा विदेशी नम्बर प्लेट भएका सवारी प्रयोगमा पूर्ण निषेध गरिएको छ। कार्यविधिको उल्लंघन भएमा सम्बन्धित सवारी जफत गरिनेछ र अनुमति बिना वा मौन अवधिमा सञ्चालन गरिएका सवारी नियन्त्रणमा लिएर निर्वाचन सम्पन्न भएपछि मात्र फिर्ता गरिने आयोगले जनाएको छ। जिल्ला आचारसंहिता अनुगमन समितिले अनुगमनका क्रममा उल्लंघन भेटिएमा स्थानीय प्रशासनलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार पनि प्रदान गरिएको छ।

मतदानको दिन उम्मेदवार, सुरक्षाकर्मी, संवैधानिक निकायका पदाधिकारी, राष्ट्रिय सूचना आयोग, निर्वाचन पर्यवेक्षक, कूटनीतिक नियोग, संयुक्त राष्ट्रसंघसम्बद्ध निकाय, सञ्चार माध्यम, अध्यागमन र भन्सारसम्बन्धी कार्यालय, विदेशी पर्यटक, अन्तर्राष्ट्रिय संघसंस्था, अवलोकनकर्ता, विशिष्ट अतिथि तथा आयोगले निर्दिष्ट गरेका अन्य व्यक्ति वा निकायले सवारी प्रयोगका लागि अनुमति प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

यद्यपि अत्यावश्यक सेवासँग सम्बन्धित सवारी-जस्तै एम्बुलेन्स, दमकल, शववाहन, अस्पताल सेवा, खानेपानी ट्यांकर, दूध ढुवानी, दूरसञ्चार तथा विद्युत् सेवा-लाई अनुमति लिनु नपर्ने स्पष्ट गरिएको छ। कूटनीतिक नियोगका सिडी नम्बर प्लेट भएका सवारीमा पनि सोही व्यवस्था लागू हुने आयोगले जनाएको छ।

# नेपाली कांग्रेसद्वारा निर्वाचन परिचालनसम्बन्धी ३४ बुँदे निर्देशन जारी

**काठमाडौं/मस–** नेपाली कांग्रेसले आगामी निर्वाचनलाई लक्षित गर्दै 'निर्वाचन परिचालन निर्देशिका-०८२' शीर्षकमा ३४ बुँदे परिपत्र जारी गरेको छ। बिहीबार पार्टी मातहतका संरचनामा पठाइएको उक्त निर्देशनमार्फत संगठनात्मक एकता र सक्रिय परिचालनमा जोड दिइएको छ।

परिपत्रमा पार्टीभित्र रहेका आन्तरिक मतभेदलाई पछाडि राखी सबै तह र पंक्तिलाई निर्वाचन अभियानमा समन्वित रूपमा अघि बढ्न आग्रह गरिएको छ। निर्वाचनको सन्दर्भमा पार्टीको पक्षमा अनुकूल वातावरण निर्माण हुँदै गएको उल्लेख



गर्दै त्यसलाई संस्थागत उपलब्धिमा रूपान्तरण गर्न संगठित प्रयास आवश्यक रहेको जनाइएको छ।

निर्देशनमा विगतमा सम्पन्न कार्य र नीति-कार्यक्रमलाई आधार बनाएर मतदातासमक्ष प्रस्तुत हुने संस्कार विकास गर्नुपर्ने विषय पनि समेटिएको छ। उपलब्धि र कार्यसम्पादनका आधारमा प्रतिस्पर्धा गर्ने राजनीतिक अभ्यासलाई सुदृढ गर्नुपर्नेमा जोड दिइएको छ। उक्त परिपत्रले निर्वाचन केन्द्रित गतिविधिलाई व्यवस्थित र परिणाममुखी बनाउन संगठनका सबै तहमा समन्वयात्मक भूमिका निर्वाह गर्न आह्वान गरेको छ।

# मधेश प्रदेशमा ६७ वटा कानुन निर्माण

**धनुषा/मस–** मधेश प्रदेश सरकारले हालसम्म ६७ वटा कानुन निर्माण गरेको मधेश प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले जनाएको छ।




मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता डा.सुनिलरञ्जन सिंहका अनुसार अन्य कानुन निर्माण प्रक्रियामा रहेका छ। पटक-पटक सरकार परिवर्तनले थप कानुन निर्माणमा समस्या भएको उनले बताइएका छन्। मधेश-प्रदेश सरकारअन्तर्गत मुख्य न्यायाधिवक्ताको कार्यालयले सञ्चालन गर्दै आएको निःशुल्क कानुनी सहायता कार्यक्रम प्रभावकारी बन्दै गएको उनले बताए।

कानुनी संरचनाले प्रदेशमा सुशासन र न्यायिक प्रणालीलाई थप सुदृढ बनाउने उनको भनाइ छ। प्रदेशमा निःशुल्क कानुनी सहायताका कारण गरिब तथा सीमान्तकृत वर्गका नागरिकका लागि न्याय प्राप्ति सहज भएको उनले बताए।

आर्थिक अभावका कारण न्याय पाउनबाट बञ्चित हुनसक्ने दलित, विपन्न, अपांगता तथा पछाडि परेका वर्गका नागरिकलाई लक्षित गरी सञ्चालन गरिएको यो कार्यक्रमबाट बर्सेनि लाभान्वित हुनेको संख्या बढ्दै गएको उनले जानकारी गराए।

मधेशका आठै जिल्लामा तलब भत्तासहित कानुन व्यवसायी खटाएर कानुनी सहायता प्रदान गरिँदै आएको मुख्य न्यायाधिवक्ताको कार्यालयले जनाएको छ। यसले लक्षित वर्गका नागरिकलाई अदालतसम्म सहज पहुँच बनाउन सहयोग पुगेको न्यायाधिवक्ता सिंहले जानकारी दिए।

आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरिएको कार्यक्रममार्फत सेवा लिनेहरूको संख्या प्रत्येक वर्ष बढिरहेको उनले बताए। कार्यालयका अनुसार सुरुको वर्षमा १ सय ८ जनाले सेवा लिएकामा २०७६/७७ मा १ सय १०, २०७७/७८ मा १ सय ४४, २०७८/७९ मा २ सय ३८ तथा २०८१/८२ मा ३ सय ६८ जनाले निःशुल्क कानुनी सहायता लिएका छन्। लक्षित वर्गका सेवाग्राहीले जिल्ला, उच्च, सर्वोच्च तथा प्रशासकीय अदालतसम्म कानुनी सहयोग पाउँदै आएका छन्।

# तनहुँमा आचारसंहिता उल्लंघनका १६ उजुरी

**तनहुँ/मस–** आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गरी यहाँ चुनावी गतिविधि सञ्चालन भइरहेका छन्। जिल्लामा हालसम्म निर्वाचन आचारसंहिता उल्लंघनसम्बन्धी १६ वटा उजुरी परेका हुन्।



प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आचारसंहिता उल्लंघनका १६ वटा उजुरी परेका बताउँदै त्यसमा सम्बन्धित पक्षसँग मौखिक स्पष्टिकरण लिई आचारसंहिताको कार्यान्वयनका लागि सचेत गराइएको जानकारी दिए। तनहुँ क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार श्रीराम न्यौपानेद्वारा केही सामुदायिक विद्यालयमा वितरण गरिएको डिजिटल स्मार्ट बोर्डमा तस्बिर/संकेत भएका बारेमा उजुरी परेपछि उक्त बोर्डबाट न्यौपानेको फोटो हटाउन लगाइएको प्रजिअ तिवारीले बताए। उनका अनुसार सोबाहेक राजनीतिक दलले भीड प्रदर्शनी गरेको, झण्डा धेरै प्रयोग गरेको, सरकारी कर्मचारी पनि निर्वाचनको प्रचारमा हिंडेकोलगायत विषयमा उजुरी परेका छन्।

उजुरीका बारेमा सम्बन्धित पक्षलाई सचेत गराई आचारसंहिता पालना गर्न अनुरोध गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले उल्लेख गरे। निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उनले जोड दिए। आचारसंहिता उल्लंघन अनुगमनका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीलाई जिम्मेवारी तोकिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै पक्षको आवश्यक पर्ने भएकाले आचारसंहिता पालना गर्न अनुरोध गरिएको रेग्मीले बताए।

# 'अफ्रिकन स्वाइनफिभर'को जोखिम बढेपछि उच्च सतर्कता अपनाउन आग्रह



**काठमाडौं/मस–** कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हाल सुंगुर/बंगुरमा अफ्रिकन स्वाइनफिभरको जोखिम रहेकाले सम्बन्धित किसानलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ। अहिलसम्म रोगविरुद्धको कुनै खोप उपलब्ध नभएकाले सुंगुर/बंगुरपालन फार्ममा जैविक सुरक्षा अपनाउन तथा अस्वाभाविक रूपमा सुंगुर, बंगुर मरेमा तत्काल संघ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवा केन्द्र वा सम्बन्धित निकायलाई खबर गर्न मन्त्रालयले आग्रह गरेको हो।

घरपालुवा सुंगुर, बंगुर तथा जंगली बँदेल प्रजातिमा विषाणुका कारण अफ्रिकन स्वाइनफिभर लाग्ने भएकाले ती पशुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री) आउने, कान पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुनेलगायत लक्षण देखिन्छ। पशुको शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छट्पटाउने गर्दछन्। यसबाट पशुको मृत्युदर उच्च हुने भए पनि पशुबाट मानिसमा भने नसर्ने मन्त्रालय अन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रका डा.सञ्जीव पण्डितले बताए। उनका अनुसार केन्द्रले संक्रमण फैलिन नदिन किसानलाई आवश्यक सतर्कता अपनाउन सन्देशमूलक सूचना प्रवाह गरेको छ। यस्ता लक्षण भएका सुंगुर, बंगुर तथा त्यसका पाठापाठी वा अन्य पशुको सम्पर्कमा आएमा मासुजन्य वस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने क्रममा सजिलै संक्रमण फैलिने जोखिम भएकाले उच्च सर्तकता अपनाउन उनले सबैलाई आग्रह गरे।

तीन वर्षअघि नेपालमा पहिलो पटक अफ्रिकन स्वाइनफिभरको सङ्क्रमण फेला परेको केन्द्रले जनाएको छ। काठमाडौं उपत्यका तथा आसपासका क्षेत्रमा दश हजार भन्दाबढी सुंगुर तथा बंगुरमा संक्रमण फैलिएको जनाइएको छ।

# नख्खु कारागारबाट फरार कैदी रौतहटमा पक्राउ

**रौतहट/मस–** काठमाडौंस्थित नख्खु कारागारबाट फरार भएका एक कैदीलाई सशस्त्र प्रहरी बल नेपालले रौतहटको चन्द्रपुरबाट पक्राउ गरेको छ। पक्राउ पर्नेमा लागुऔषध मुद्दामा कैद भुक्तान गरिरहेका २७ वर्षीय सागर खाती विक रहेका छन्।



सशस्त्र प्रहरी बल नेपाल निर्वाचन क्षेत्र नं. ४ सुरक्षा बेस सन्तपुरबाट खटिएको विशेष टोलीले बुधबार बिहान चन्द्रपुर नगरपालिका-४ स्थित चन्द्रपुर चोकबाट उनलाई नियन्त्रणमा लिएको हो। चन्द्रपुर-४ ठाडाटोल निवासी खाती लामो समयदेखि सुरक्षा निकायको खोजी सूचीमा रहेका थिए।

सशस्त्र प्रहरी नायब उपरीक्षक विश्वनाथ जि.सी.को कमाण्डमा खटिएको ९ सदस्यीय मोबाइल टोलीले गोप्य सूचनाका आधारमा उक्त क्षेत्रमा निगरानी बढाएको थियो। सोही क्रममा शंकास्पद अवस्थामा भेटिएका खातीलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा उनी कारागारबाट फरार भएको पुष्टि भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार २०८२ भदौमा भएको 'जेन-जेड' आन्दोलनका क्रममा कारागारभित्र उत्पन्न तोडफोड तथा अव्यवस्थाको मौका छोपी उनी फरार भएका थिए।

पक्राउ परेका खातीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी बाँकी कैद भुक्तानका लागि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाइएको छ। उनलाई सम्बन्धित कारागार चलान गर्ने तयारी भइरहेको प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले फरार कैदीहरूको खोजी कार्यलाई तीव्र बनाइएको जानकारी दिँदै देशभरबाट फरार भएका अन्य कैदीहरूको खोजीका लागि सुरक्षा निगरानी थप कडा पारिएको उल्लेख गरेको छ।

## भुलसुधार

मिति २०८२/१०/२९ गते यस दैनिकमा प्रकाशित, बहराइनमा रोजगार शिर्षक कम्पनीको नाम : EVER FINE TRADING W.L.L. , कम्पनीको विज्ञापनमा अन्तरवार्ता रोज पार्टी प्यालेस बुटवल रुपन्देहीमा २०८२ फागुन ७ गते १९ February हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-४५१९८११, ०१-४५१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035

## सरकारद्वारा व्यवस्थित बनको काठ/दाउरा संकलन १५ दिने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/११/०१**

डिभिजन वन कार्यालय पहलमानपुर मातहतको कार्यक्षेत्रमा पर्ने घोडाघोडी नगरपालिका, कैलाली स्थित मेलघट्टी उत्तर शिवगंगा सरकारद्वारा व्यवस्थित बन र मैनापोखरी सरकारद्वारा व्यवस्थित वनमा रहेका ढलापडा र सुखाखडा रुखहरूबाट अनुमानित ५६२८.४४ क्युफिट काठ संकलन प्रति क्यू फिट रु. १४५/- र दाउरा ७ चट्टा संकलन प्रति चट्टा रु. १६,१३१/- साथै मोहन्याल गाउँपालिका, कैलाली स्थित लामीमेला सरकारद्वारा व्यवस्थित वनबाट अनुमानित १५७८.६ क्यु. फिट काठ संकलन प्रति क्यू ० फिट रु.२३१/ मा घटाघट प्रकृयाबाट ठेका बन्दोवस्त गर्नुपर्ने भएको ले स्थायी लेखा नं. वा मु.अ.कर दर्ता नम्बर, आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्र भएका काठ सम्बन्धी व्यवसाय गर्न इजाजत प्राप्त फर्म, कम्पनी वा व्यक्तिले पहिलो पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनसम्म कार्यालय समयभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीबाट दरभाउपत्र खरिद गरि सिलवन्दी दरभाउपच १६ औं दिनमा दिउँसोको १:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। काठ दाउरा संकलन तथा घाटगद्दी सम्बन्धी विस्तृत सूचना यस कार्यालयमा तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिने व्यहोरा जानकारी गरिन्छ। थप जानकारी डिभिजन वन कार्यालय पहलमानपुरबाट प्राप्त गर्न सकिनेछ।

**डिभिजन वन कार्यलय पहलमानपुर कैलाली**

## Geruwa Rural Municipality
## Office of the Rural Municipal Executive
**Pashupatinagar, Bardiya**

**Invitation of Bids for the following works**

**Date of Publication:- 2082/11/01**

1. The Geruwa Rural Municipality invites electronic sealed quotation and bids from eligible bidders for the following works.

| S. N. | Contract ID no | Description of works | Estimated Amount in (with VAT and PS excluding Contingency ) (Nrs) | Bid Security Amount (Nrs) | Bid Security Validity Period | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | W/GRM/ SQW/12/2082/083 | Sonahafata balbikas kendrako bhawan Nirman | 1771659.77 | 45000.00 | 75 days after Bid opening Date | 1,000/- | SQW |
| 2 | W/GRM/ SQW/13/2082/083 | Manau Khanepani Jane bato Gravel | 1544410.31 | 38000.00 | 75 days after Bid opening Date | 1,000/- | SQW |
| 3 | W/GRM/ NCB/16/2082/083 | Construction of Four Room School Building in Sarkhol. | 7621963.11 | 190000.00 | 120 days after Bid opening Date | 3,000/- | NCB |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted and sealed quotation & bids shall be submitted on or before 12:00 PM of 2082/11/17 for sealed quotation & on or before 12:00 PM of 2082/12/01 for Bids respectively & also bid shall be opened on the same date at 1:00 PM. ELLIGIBLE bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9848020380,9849215214 or may visit PPMO website www.bolpatra.gov.np/egp. bidders should deposit the cost involves in the projects account as specified above.

| Bank | Revenue Account | office code | Dharauti Account |
|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 056-365-17 | 17201400000062 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१ फागुन २०८२ शुक्रबार
13 February 2026 Friday

## सम्पादकीय

# अलमल हटाऔं, सचेत बनौं

प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा मतदाता अझै अलमलमा रहेको पाइएको छ । निर्वाचन आयोगले सञ्चालन गरेको कल सेन्टरमा २ हजार ४ सयभन्दा बढी जिज्ञासा जति सकारात्मक छ, सोधिएका प्रश्नले मतदाता कुन हदसम्म अलमलमा छन् भन्ने पनि देखाउँछ । आएको चासोमध्ये आधाभन्दा बढी प्रश्न मतदाता नामावली र मतदान प्रक्रियासँग सम्बन्धित छ । त्यसले नागरिक अझै पर्याप्त जानकारीबाट वञ्चित रहेको बुझाउँछ । लोकतन्त्रको आधार नै सचेत मतदाता हुन् तर मतदातामै अन्योल देखिनुले सचेततापूर्वक आफ्नो प्रतिनिधि छान्ने कुरामै अस्पष्टता रहेको देखाउँछ । 'मतदान कसरी गर्ने ?,' 'मतदान गर्न जाँदा के कागजपत्र लैजाने ?'जस्ता आधारभूत प्रश्न धेरैले सोध्नुले मतदाता शिक्षाको आवश्यकता अझै ठुलो रहेको देखाउँछ । मतदान प्रक्रिया जति सरल र स्पष्ट हुन्छ, नागरिकको सहभागिता त्यति नै बढ्छ । अन्यथा अलमलका कारण कतिपय मतदाता मतदान केन्द्रसम्म नपुग्ने वा बदर मत बढ्ने जोखिम रहन्छ ।

निर्वाचन आयोगले यो अवस्थालाई बुझ्दै देशभर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ । प्रत्येक वडामा स्वयंसेवक परिचालन गरी घरदैलोमै पुगेर नमुना मतपत्रमार्फत जानकारी दिने तयारीमा आयोग छ । जुन सकारात्मक छ । साथै, टोल–फ्री नम्बर, सामाजिक सञ्जाल र सञ्चार माध्यममार्फत सूचना प्रवाह गर्ने प्रयास पनि भइरहेका छन् । तर यस्ता कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् कि हुँदैन भन्ने प्रश्न कायमै छ । चुनावमा मतदाता शिक्षा आयोगको जिम्मेवारी मात्र नभई राजनीतिक दल, स्थानीय तह, सञ्चारमाध्यम र नागरिक समाज सबैको दायित्वभित्र पर्छ । सही सूचना फैलाउने र भ्रम हटाउने काममा पनि सबैको हातेमालोको खाँचो देखिन्छ । विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा सूचना पुग्ने व्यवस्था मिलाउन पनि आयोगसँगै दल, उम्मेदवार, मिडिया र नागरिक समाजले पहल गर्नुपर्छ ।

सही प्रतिनिधि छान्न मतदाता स्वयं पनि सचेत बन्नुपर्छ । मतदान बालिग नागरिकको अधिकार मात्र होइन, राष्ट्र निर्माणको जिम्मेवारी पनि ठान्नुपर्छ । देशको नेतृत्व चयन गर्ने प्रक्रियामा सहभागी हुनुअघि आवश्यक जानकारी लिन जरूरी छ । अन्योलमा बस्नुभन्दा प्रश्न सोध्नु र बुझेर मतदान गर्दा आफूले चाहेको उम्मेदवारलाई अघि बढाउन सकिन्छ । त्यो नै सही अर्थमा लोकतन्त्रप्रतिको सम्मान हो । चुनाव आउन अब धेरै दिन बाँकी छैन । चुनावको मिति नजिकिँदै जाँदा मतदाताको अलमल हटाउनतर्फ सम्बद्ध सबैको ध्यान जानु जरूरी छ । स्पष्ट सूचना, प्रभावकारी शिक्षा र सबैको सहकार्यले मात्र निष्पक्ष र उत्साहजनक निर्वाचन सम्भव हुन्छ ।

# प्रश्नमा चुनावी घोषणापत्र

*दलहरूले आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेका प्रतिबद्धताहरू साकार गर्न बारम्बार चुकिरहेको देखिन्छ । राजनीतिक र आर्थिक परिवर्तनमा आफ्नो पार्टीले जस लिने तर कामको परिणाम भने जहिले नै शून्य रहने गरेको छ ।*

अग्रलेख



● झलक शर्मा

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनका लागि दलहरूलाई चुनावी घोषणापत्र लेख्न चुनौती देखा परेको छ । पुराना राजनीतिक दलले विगतमा जसरी चुनावी घोषणापत्र तयार गर्थे, त्यसरी नै घोषणापत्र तयार गर्दा मत प्राप्त गर्न सकिने सम्भावना छैन । नयाँ उदाउँदै गरेका दललाई पृथक् ढंगबाट घोषणापत्र तयार गर्नु पर्ने चुनौती छ ।

चुनावी घोषणापत्रलाई दल वा उम्मेदवारले निर्वाचनमा जित हासिल गरेपछि आफ्नो प्रतिबद्धता कार्यान्वयन गर्ने खाकाको रूपमा चित्रित गरिन्छ । चुनावी घोषणापत्रलाई दलले भावी दिनमा पूरा गर्ने बाचाको रूपमा बुझिन्छ । राजनीतिक पार्टीहरूले संसद् वा सरकारको नेतृत्व गर्दा चुनावी घोषणापत्रकै आधारमा काम गर्ने गर्दछन् । तर नेपाली राजनीतिक पार्टीले आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेका प्रतिबद्धताहरू साकार गर्न बारम्बार चुकिरहेको देखिन्छ । राजनीतिक र आर्थिक परिवर्तनमा आफ्नो पार्टीले जस लिने तर कामको परिणाम भने जहिले नै शून्य रहने गरेको छ । यस्तै व्यवहारका कारण चुनावी घोषणापत्रमा उल्लेख भएका विषयहरू अक्षरशः कार्यान्वयन हुन सकेका छैनन् ।

सरकारको नेतृत्वमा हुने अंकगणितीय जोड घटाउको राजनीतिले चुनावी घोषणापत्र छायामा परेको पाइन्छ भने सरकारको नेतृत्व गर्ने दलका नेता र दलहरू कार्यान्वयनमा उत्सुक देखिँदैनन् । चुनावअघि जनतासामु बाँडेका सपनाहरू ज्युँका त्युँ रहने गरेका छन् । त्यसैको प्रतिफल स्वरूप भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलन भयो । त्यस आन्दोलनको मुख्य उद्देश्य सुशासन र समृद्ध नेपाल हुनु पर्ने माग हो । पछिल्लो राजनीतिक परिघटनाले गर्दा पुराना दललाई आफ्नो साख जोगाउनु पर्ने छ भने नयाँ दललाई जेनजी पुस्ताको मागको सम्बोधन गर्नु पर्ने दायित्व रहेको छ ।

विगतका राजनीतिक दलका चुनावी घोषणापत्रहरू बढी महत्वाकांक्षी र कार्यान्वयन नै गर्न नसकिने प्रकृतिका पाइन्छन् । नेपाली माटो र परिवेशअनुसार सुहाउँदो र कार्यान्वयन योग्य चुनावी घोषणापत्र आवश्यक छ । यतिबेला राजनीतिक दल र उम्मेदवारहरूले सामाजिक सञ्जालको प्रयोग गर्ने तर राजनीतिक घोषणापत्र जनतामाझ प्रस्तुत गर्न आनाकानी गर्दै गरेको पाइन्छ । मतदाताले उम्मेदवारको अनुहार हेरेर होइन, उसको घोषणापत्र, योजना र प्रतिबद्धता पढेर मात्र मत दिने हो तर नेपाली समाजमा यसको अभ्यास निकै कम छ ।

निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ मा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन घोषणापत्र सार्वजनिक गरी सोको आधारमा प्रचार-प्रसार गर्नुपर्ने छ भनी उल्लेख गरिएको छ । त्यसैगरी निर्वाचन घोषणापत्र राजनीतिक दलले आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने छ । घोषणापत्रमा उल्लेख भएबमोजिम निर्वाचित दल र उम्मेदवारले कार्य प्रगति प्रतिवेदन प्रत्येक वर्ष सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नुपर्ने छ भनी घोषणापत्रलाई बढी प्राथमिकता दिएको देखिन्छ ।

उम्मेदवार वा दलको कस्तो दृष्टिकोण र प्रतिबद्धता छ भन्ने विषयमा नागरिक अत्यन्तै चनाखो हुनु आवश्यक छ । विगतको राजनीतिक निराशा चिर्न जनताले नयाँ स्वाद खोजेका छन् । नेतृत्व पंक्तिमा कुर्सी मोह र पदको भागबन्डाले देशलाई अधोगतिमा पुऱ्याएको तितो यथार्थ हामीसामु छ । जनप्रतिनिधि भएपछि जनतालाई आफ्नो भावी कार्य योजना खुलाउनु पर्दछ । घोषणापत्रले जनप्रतिनिधिलाई दायित्व र प्रतिबद्धतामा अडिग गराउने गर्दछ ।

देशका जल्दोबल्दो विषयलाई सम्बोधन गर्ने घोषणापत्र दलहरूले सार्वजनिक गर्नुपर्ने हुन्छ । राजनीतिक परिवर्तनले ल्याएका जाति, वर्ग, क्षेत्र र लिङ्गका मानिसहरूको अधिकार स्थापित गर्नु जरुरी छ । आशा बाँड्ने मात्र होइन, ठोस उपलब्धि जनताले खोजेका छन् । मुलुकको समृद्धि र सुशासन अभिवृद्धि गर्न भावी सरकारले ध्यान दिनु पर्ने हुन्छ । मुलुकको खस्कँदो अर्थतन्त्रलाई उकास्ने र युवा पलायनलाई रोक्नु अहिलेको प्राथमिकतामा पार्नु आवश्यक छ ।




जनताद्वारा निर्वाचित जनप्रतिनिधि र दलहरूको नेतृत्वबाट नै समग्र देशको समृद्धि हुने आशा राखिन्छ । राजनीतिक परिवर्तनका साथै आर्थिक र सामाजिक परिवर्तन गरी जनताको जीवनस्तर सुधार गर्नुपर्ने दायित्व नवनिर्वाचित प्रतिनिधिहरूको मुख्य भूमिका रहन्छ । देश र जनताको हितप्रति राजनीतिक दल र उम्मेदवारहरू प्रतिबद्ध हुनु जरुरी छ । पुराना राजनीतिक दलहरूले विगतमा गरेका गल्ती र कमीकमजोरीहरू सच्चाएर तथा जनतामाझ स्वीकार गरी सुशासन र दिगो शान्ति स्थापना गर्न अवसर पैदा भएको छ । विकासको ढाँचा र प्राथमिकतालाई जनतामाझ प्रष्ट गरी गुणात्मक आर्थिक रूपान्तरणतर्फ दल र जनप्रतिनिधिहरूले जोड दिनुपर्दछ । समृद्धिका लागि राजनीतिक स्थिरता, उत्पादन र रोजगारी वृद्धि एवं सामाजिक न्याय कायम राख्न निश्चित खाका अवलम्बन गर्नु आवश्यक छ । भ्रष्टाचार, अनियमितता, विभेद र शोषणको अन्त्य गर्न राष्ट्रिय बहससहित ठोस पहलकदमी चाल्नु पर्ने देखिन्छ ।

स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी मुलुकमा औद्योगिकीकरण गर्नुपर्ने देखिन्छ । सूचना प्रविधिको तीव्र विकास भएता पनि आम नागरिकको पहुँच पुगेको छैन । जेनजी आन्दोलनपछि बनेको नागरिक सरकारले सबै सहरहरूमा 'वाइफाइ फ्री' गर्ने निर्णय अझै पनि कार्यान्वयन गर्न सकेको छैन । डिजिटल प्रविधिको प्रयोग गरी सेवामा शीघ्रता, उत्पादन र उत्पादकत्व वृद्धि गर्नुका साथै आर्थिक-सामाजिक उन्नयन गर्नु बढी बुद्धिमानी हुन्छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको सही सदुपयोग गरी मुलुकमा सुशासन कायम गर्नु पर्ने देखिन्छ । निर्वाचनमा पद, पैसा र शक्तिको दुरुपयोग तथा सामाजिक सञ्जालमा स्टन्ट गरेर निर्वाचन स्वच्छ हुन सक्दैन । यदि दल र उम्मेदवारले त्यस्तो गलत मानसिकता बोकेर घोषणापत्रलाई बेवास्ता गरेका छन् भने देशले समृद्धिको सपना देख्न सक्दैन । घोषणापत्र बिना उम्मेदवारलाई जनताप्रति जिम्मेवार, उत्तरदायी र जबाफदेही बनाउन सकिँदैन ।

> *आशा बाँड्ने मात्र होइन, ठोस उपलब्धि जनताले खोजेका छन् । यस्तोमा दलहरूको ध्यान मुलुकको समृद्धि र सुशासन अभिवृद्धि गर्नेतर्फ हुनुपर्छ । मुलुकको खस्कँदो अर्थतन्त्रलाई उकास्ने र युवा पलायनलाई रोक्ने एजेन्डा प्राथमिकतामा पार्नु आवश्यक छ ।*

नेपाली राजनीतिक दलहरू विभिन्न सिद्धान्त, विचार र उद्देश्यबाट स्थापित छन् । आफ्ना सैद्धान्तिक दृष्टिकोणअनुसार प्रतिनिधि सभामा निर्वाचित हुँदा कार्यान्वयन गर्नतर्फ कत्तिको अग्रसर छन् भन्ने विषय बढी महत्वपूर्ण हुन्छ । घोषणापत्रमै राजनीतिक दल र उम्मेदवारको विचार झल्किने गर्दछ । जनताको प्रतिनिधित्व गर्ने दल र उम्मेदवारले लोकतन्त्रलाई स्थापित गराउँदै जनभावना अनुसार काम गर्नुपर्ने हुन्छ । नेपालको बदलिँदो राजनीतिक घटनाक्रमसँगै देशलाई अग्रगामी दिशामा पुऱ्याउने प्रमुख दायित्व राजनीतिक पार्टीहरूलाई रहेको छ । तसर्थ सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको भावनालाई कदर गर्दै समयसापेक्ष चुनावी घोषणापत्र जनतासामु सार्वजनिक गर्नु आवश्यक छ ।

## इतिहासमा आज


१३ फेब्रुअरी २०१२ मा युरोपेली अन्तरिक्ष एजेन्सीले फ्रान्सेली गुयानाको कुउरोउमा रहेको युरोपको अन्तरिक्ष केन्द्रबाट युरोपेली भेगा रकेटको पहिलो प्रक्षेपण गरेको थियो ।



१३ फेब्रुअरी २०१७ मा उत्तर कोरियाली नेता किम जोङ उनका भाइ किम जोङ नामको क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा हत्या गरिएको थियो । जसको हत्याबारे कसले गरेको थियो भन्ने स्पष्ट छैन ।



१३ फेब्रुअरी २०२१ मा डोनाल्ड ट्रम्प आफ्नो दोस्रो महाभियोग मुद्दामा निर्दोष साबित भएका थिए ।



१३ फेब्रुअरी २०२१ मा टेक्सास र उत्तरी मेक्सिकोमा चिसो आँधीले वितण्डा मच्चाएको थियो । जसमा ८२ जनाको मृत्यु भएको थियो भने समग्र दुई प्रान्तमा विद्युत आपूर्ति बन्द भएको थियो ।



# नेपाल कहिलेसम्म प्रयोगशाला ?

विचार



● सत्यजीत

> *यदि संस्थाहरू विश्वसनीय, पारदर्शी र उत्तरदायी छन् भने बाह्य प्रभाव वा अनौपचारिक शक्ति सञ्जालले सीमित प्रभाव मात्र पार्छ । यदि संस्थागत भरोसा कमजोर छ भने सानो घटना पनि विशाल षड्यन्त्र जस्तो अनुभूत हुन्छ ।*

'राजनीतिक प्रयोगशाला' भन्ने धारणा त्यतिबेला जन्मिन्छ, जब नागरिकले सत्ता प्रक्रियालाई स्वाभाविक प्रतिस्पर्धा होइन, अदृश्य प्रभावहरूको खेलझैँ अनुभव गर्न थाल्छन् । यस्तो अनुभूति कुनै एक देशमा सीमित छैन; संक्रमणकालीन लोकतन्त्र भएका धेरै समाजमा यो समान रूपमा देखिन्छ । जनशास्त्रीय रूपमा हेर्दा, यो विश्वास संकट, शक्ति असन्तुलन र सूचना संरचनाको रूपान्तरणसँग अभिन्न रूपमा गाँसिएको हुन्छ ।

'डिपस्टेट' शब्द सामान्यतया औपचारिक सरकारभन्दा बाहिर रहेका स्थायी शक्ति सञ्जालहरूलाई जनाउँछ- जस्तै सुरक्षा संरचना, नौकरशाही, आर्थिक हित समूह वा अन्तर्राष्ट्रिय रणनीतिक प्रभावहरू । जनशास्त्रीय दृष्टिले, कुनै पनि राज्यमा औपचारिक सत्ता र अनौपचारिक प्रभावबिच अन्तर्क्रिया हुनु अस्वाभाविक होइन । समस्या त्यतिबेला गहिरिन्छ, जब नागरिकले निर्णय प्रक्रियामा पारदर्शिता नदेखी 'निर्णय कतै अरू नै हुँदैछ' भन्ने अनुभूति गर्न थाल्छन् । यस्तो अनुभूति तथ्य, अनुभव र कहिलेकाहीँ अफवाहको मिश्रणबाट बनिन्छ, जसले राजनीतिक मनोविज्ञानलाई तीव्र बनाउँछ ।

'प्रोक्सीवार' आधुनिक शक्ति राजनीतिमा प्रायः प्रत्यक्ष युद्धभन्दा अप्रत्यक्ष प्रभाव, वैचारिक प्रतिस्पर्धा र रणनीतिक संलग्नताको रूपमा देखिन्छ । साना वा रणनीतिक रूपमा संवेदनशील राष्ट्रहरूमा विभिन्न शक्ति केन्द्रहरूले वैचारिक, कूटनीतिक वा आर्थिक माध्यमबाट प्रभाव जमाउने प्रयास गर्नु विश्वव्यापी यथार्थ हो । तर जनशास्त्रले एउटा महत्वपूर्ण चेतावनी दिन्छ- हरेक आन्तरिक द्वन्द्व वा अस्थिरतालाई बाह्य षड्यन्त्रको मात्र परिणाम मान्नु समाजभित्रका संरचनागत कारणहरूलाई ओझेलमा पार्न सक्छ । आन्तरिक असन्तुलन, दलगत प्रतिस्पर्धा, संस्थागत कमजोरी र आर्थिक असमानता पनि उत्तिकै निर्णायक हुन्छन् ।

डिजिटल प्लेटफर्महरूले यो समीकरणलाई झन् जटिल बनाएका छन् । सूचना प्रवाहको लोकतान्त्रीकरणसँगै ध्यान- अर्थतन्त्र राजनीति निर्धारण गर्ने नयाँ शक्ति बनेको छ । सामाजिक सञ्जालमा सत्य, आधा-सत्य र भ्रम एउटै गतिमा फैलिन्छन् । 'एल्गोरिदम'ले भावनात्मक, ध्रुवीकरण गर्ने वा सनसनीपूर्ण सामग्रीलाई प्राथमिकता दिन्छ, जसले नागरिक चेतनालाई स्थिर विचारभन्दा क्षणिक प्रतिक्रियामा केन्द्रित गरिदिन्छ । जनशास्त्रीय रूपमा यो डिजिटल भीड-मनोविज्ञान हो, जहाँ धारणा र वास्तविकताबिचको दूरी बढ्छ ।

डिपस्टेटको धारणा, प्रोक्सीवारको बहस र डिजिटल प्रभाव- यी तीनै तत्वले एउटा साझा मनोवैज्ञानिक वातावरण बनाउँछन्- अनिश्चितता र अविश्वास । नागरिकले देख्ने राजनीति औपचारिक प्रक्रिया जस्तो देखिए पनि, अनुभव गर्ने राजनीति अदृश्य शक्ति सन्तुलनको खेलझैँ लाग्न थाल्छ । यस्तो अवस्थामा प्रत्येक घटना सजिलै 'खाका', 'निर्देशन' वा 'इशारा' का रूपमा व्याख्या गरिन्छ । जनशास्त्र भन्छ- यो धारणा स्वयं सामाजिक यथार्थको हिस्सा बन्छ, चाहे यसको सबै पक्ष प्रमाणित नभए पनि ।

तर दीर्घकालीन दृष्टिले निर्णायक प्रश्न सधैं संस्थामा फर्किन्छ । यदि संस्थाहरू विश्वसनीय, पारदर्शी र उत्तरदायी छन् भने बाह्य प्रभाव वा अनौपचारिक शक्ति सञ्जालले सीमित प्रभाव मात्र पार्छ । यदि संस्थागत भरोसा कमजोर छ भने सानो घटना पनि विशाल षड्यन्त्र जस्तो अनुभूत हुन्छ । यसैले 'प्रयोगशाला'को अनुभूति प्रायः राजनीतिक संरचना र सामाजिक विश्वासबिचको दूरीको सूचक हुन्छ ।

समाधानको जनशास्त्रीय सूत्र बाह्य कारकको निरन्तर दोषारोपणमा होइन, संस्थागत विश्वसनीयता, सूचना साक्षरता र नीति-केन्द्रित राजनीतिक संस्कारमा निहित हुन्छ । जबसम्म राजनीति छवि, अफवाह र ध्रुवीकरणको चक्रमा घुमिरहन्छ, तबसम्म प्रयोगशालाको अनुभूति मेटिँदैन । देशको स्थायित्व अन्ततः अदृश्य शक्ति बहसभन्दा अघि दृश्य संस्थागत परिपक्वतामा निर्भर हुन्छ ।

